# उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## उर्लाबारी, मोरङ

**आय ठेक्का बन्दोबस्तका लागि E-BID मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना ।**

**(तेस्रो पटक सूचना प्रकाशित मिति २०८३/०४/०६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम आ.व २०८३।०८४ मा यस उर्लाबारी नगरपालिकाको आय संकलन गर्न निम्नानुसारको ठेक्का बन्दोबस्त गर्ने प्रयोजनका लागि विद्युतीय बोलपत्र **E-BID** को माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका कामका लागि इजाजत प्राप्त बोलपत्र दाताहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिल:**

| सि.नं. | ठे.नं. | ठेक्काको प्रकार | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक रकम, वार्षिक (मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र फाराम दस्तुर (रु.) | सूचना अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | रा./०८/०८२/०८३ | बहाल बिटौरी शूल्क | साप्ताहिक कृषि तथा पशु हाटबजार, उर्लाबारी-३ | २४,७६,५००।० | न्यूनतम ठेक्का अंकको ५ प्रतिशत | ३०००। | ७ दिन |

०८३।४।३

प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु:**

१. उल्लेखित ठेक्का मिति २०८३ साउन महिनादेखि मिति २०८४ असार मसान्त सम्मका लागि हुनेछ ।

२. इच्छुक फर्म, कम्पनी, सप्लायर्सले नवीकरण भएको सम्बन्धित विषयको कारोबार गर्ने इजाजत वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको कृषि विकास बैंक शाखा कार्यालय, उर्लाबारीमा रहेको यस कार्यालयको ग-१-१ स्थानीय तह आन्तिरक राजश्व खाता नं. ०६०१७०११५०५९५१४८ मा नगद जम्मा गरेको बैंक भौचर सहित यो सूचना प्रकाशन भएको मितिले ८ औं दिनसम्म विघुतीय माध्यमबाट सार्वजिनक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । जमानत वापतको रकम यस कार्यालयको ग-३ स्थानीय तह धरौटी खाता नं. ०६०१७०११५०५९५०२४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरिएको बिड बण्ड पेश गर्नु पर्नेछ ।

४. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२ बजे भित्र E-BID मार्फत दर्ता गर्नु पर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि र निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५०% र अन्तिम किस्ता ५०% गरी विभाजन गरिनेछ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दाको बखतमा र दोस्रो किस्ता २०८३ साल चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ । अन्तिम किस्ताको रकमको हकमा २०८४ असार मसान्तसम्म अवधि रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । सम्झौता गर्दाकै समयमा एकमुष्ठ रुपमा रकम बुझाउन चाहेमा कवोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ ।

७. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल वापतको रकम ठेकेदार पक्षवाट सम्वन्धित कार्यालयमा ठेक्का सम्झौता गर्नु अगावै बुझाउनु पर्ने छ । किस्तामा रकम बुझाउनेको हकमा प्रत्येक किस्ता वापतको कर रकम, किस्ता रकम बुझाउनु भन्दा अगाडिनैं सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकी दिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाईएको उजुरी या जानकारी प्राप्त भएमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप रकम जरीवाना गरिनेछ ।

९. बन्द, हड्ताल जस्ता मानव सिर्जित कारणबाट सिर्जना हुने अवस्थाको कारण कर छुट वा मिनाहा हुने छैन र कुनै पनि प्रभाव र दबाब दिन वा गर्न पाइनेछैन ।

१०. रीत नपुगेको र म्याद नाघि आएको दरभाउपत्र माथि कुनै कार्यवाही गरिने छैन ।

११. कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

१२. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी ठेकेदारलाई आवश्यक कारवाही हुनेछ ।

१३. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

१४. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

१५. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

# उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कोशी प्रदेश, उर्लाबारी, मोरङ

**बोलपत्र फाराम**

बोलपत्र फाराम बिक्री मितिः

बोलपत्र फाराम बिक्री मूल्यः रु. ३०००।००

बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मको नामः

ठेगानाः

| सि.नं | ठे.नं. | ठेक्काको किसिम | कबोल गरेको रकम (भ्याट बाहेक) | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |
| १. | रा./०८/ ०८२/०८३ | सासाहिक कृषि तथा पशु हाटबजार, उर्लाबारी-३ | | | | |

प्रो. वा सञ्चालकको नाम, थरः

दस्तखतः

मितिः

छापः